# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०२३-५४०२४४
फ्याक्स नं. ०२३-५४५८००

बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल।

प.स. २०८०/०८१
चलानी न.: २६२

मितिः२०८०।०४।११

**विषयः पट्टापूर्जी सम्बन्धमा ।**

श्री चाराली एण्ड कुम्भकर्ण जे.भी
मेचीनगर न.पा-१३, झापा ।

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिकाबाट तपसील बमोजिमको क्षेत्र, शर्त र दरमा आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी आर्थिक वर्ष ०८०।०८१ को लागि मु.अ.कर सहितको रकम रु ५८,४९,००५.४३/- (अक्षरुपी अन्ठाउन्नलाख उन्नपचास हजार पाँच रुपैया त्रिचालिस पैसा) बुझाइ ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोबस्त गर्ने मिति २०८०।०४।१० मा नगरपालिकाबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसीलमा लेखिएको आय संकलन गर्न मन्जूरी भै कबुलियत गरीदिनु भएकोले तपाईको कबुलियत बमोजिम तपसीलमा लेखिएको शर्तमा कति घटीबढी नपारी तपसीलमा लेखिए बमोजिम रकम बुझाई मिति **२०८०।०४।०१ गते** देखि मिति **२०८१।०३।३१ गते** सम्मको निमित्त देहाय बमोजिमका श्रोतहरु बाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवाशुल्क वा दस्तुर असूल गरेको वा बिर्तामोड नगरपालिकाले कर, सेवाशुल्क वा दस्तुर असूल गरेको प्रमाण हुदा हुदै दोहोरो हुने गरी कर, सेवाशुल्क वा दस्तुर असूल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल उपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै यस बिर्तामोड नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ ।

तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आ.व.२०८०/०८१ को ठेक्का सम्झौता बमोजिमको रकम जम्मा लिइ प्रचलित कानूनको अधीनमा रही रकम चलन गर्ने ।

**तपसिल**

***ठेक्का विवरण परिमाण तथा दररेट सम्बन्धी विवरण***

बिर्तामोड नगरपालिका आर्थिक ऐन २०८० ले तोकेको निम्नानुसारको कर तथा शुल्क उठाउन पाइनेछ ।
क) अनुसुचि १० मा उल्लेखित नगरपालिकाले लगाउने बसपार्क पार्किङ शुल्कमा तोकीएका क्षेत्र र दरहरु ।
बसपार्क क्षेत्रमा प्रवेश गर्दा सवारी पार्किङ्ग वापत देहाय अनुसारको पार्किङ शुल्क लिईनेछ ।

| सवारीको किसिम | दिवा पार्किङ्ग पटके दर | रात्री बिश्राम शुल्क |
|---|---|---|
| बस, ट्रक, मिनीवस, ट्याक्टर आदिमा | २५।- | ३०।- |
| जिप, कार, माईको भेन, भेन, पावरटिलर आदिमा | १५।- | २०।- |

*नोट :- विदेशी सवारी साधनको हकमा डब्बल दस्तुर लाग्नेछ ।*

Scanned with CamScanner

विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विर्तामोड, झापा
कोशी प्रदेश, नेपाल।

फोन नं. ०२३-५४०२४४
फ्याक्स नं. ०२३-५४५८००

प.स. २०८०/०८१
चलानी न.: २६२

ख) अनुसुचि ११ मा उल्लेखित नगरपालिकाले लगाउने टेक वहादुर गिरी बसपार्कमा लाग्ने पूर्वाधार उपभोग शुल्क ।

<u>टेकबहादुर गिरी बसपार्कमा लाग्ने पुर्वाधार उपभोग शुल्क (कर)</u>

| सि.नं. | विवरण | पटकको |
|---|---|---|
| १ | ट्रक, बस | २५।- |
| २ | लरी, कन्टेनर | ५०।- |
| ३ | जिप, ट्याक्सी, कार, मारुती, भेन | १०।- |

ग) उल्लेखित बाहेकको कर तथा शुल्क तोकीएको दर भन्दा बढी कर, शुल्क उठाउन पाइने छैन ।

२०८०/०४/११

तिलचन भण्डारी
उपसचिव

**बोधार्थ**

श्री बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालय ।

श्री अनारमनी इलाका प्रहरी कार्यालय बिर्तामोड झापा : जानकारीको लागि

श्री जिल्ला ट्राफिक कार्यालय बिर्तामोड झापा :- जानकारीको लागि

Scanned with CamScanner